Wondershare
PDFelement

# आर्थिक बर्ष २०८०।८१ मा
# प्रदेशवाट सञ्चालन गरिने स्वास्थ्य तर्फका
# सशर्त अनुदान अन्तर्गतका कृयाकलापहरु संचालन सम्वन्धी मार्गदर्शन

Wondershare
PDFelement

नेपाल सरकार
**स्वास्थ्य तथा जनसंख्या मन्त्रालय**
रामशाहपथ, काठमाण्डौ

साउन २०८०

Wondershare PDFelement

Wondershare
PDFelement

## आयुर्वेद सेवा कार्यक्रम

**आयुर्वेद तथा वैकल्पिक चिकित्सा कार्यक्रम (आयुर्वेद सेवा कार्यक्रम, सशर्त अनुदान)**

नेपालको संविधान २०७२ को भाग ४ को धारा ५१ मा ७ को (ज)'नेपालको परम्परागत चिकित्सा पद्दतिको रुपमा रहेको आयुर्वेद, प्राकृतिक चिकित्सा र होमियोप्याथिक लगायतका स्वास्थ्य पद्धतिको संरक्षण र प्रवर्धन गर्ने' भनी प्राथमिकताका साथ उल्लेख गरिएको छ। संविधानका अनुसूचीहरूमा आयुर्वेद तथा वैकल्पिक चिकित्साका विभिन्न आयामलाई महत्वपूर्ण स्थान दिइएको छ।

**पन्धौं पञ्चवर्षिय योजनामा** आयुर्वेद प्राकृतिक चिकित्सा तथा अन्य चिकित्सा पद्धतिहरु को योजनावद्ध विकास र बिस्तार गर्ने रणनीति उल्लेख छ। स्थानीय स्तरमा उपलव्ध औषधीजन्य जडीबुटी, खनिज एवं जान्तवद्रव्यको पहिचान, संरक्षण, संकलन, प्रवर्धनको लागि संरचना निर्माण गरिनेप्रचलित प्राकृतिक चिकित्सा ,, वैकल्पिक तथा अन्य चिकित्सा पद्धति तथा सेवाहरु लाई निश्चित मापदण्डका आधारमा सूचीकृत, व्यवस्थित गर्दै आयुर्वेद, पञ्चकर्म, योग र प्राकृतिक चिकित्साको विशिटिकृत सेवा सहितको राष्ट्रिय आयुर्वेद, योग, ध्यान, प्राणायाम मनोपरामर्श, पञ्चकर्म तथा प्राकृतिक चिकित्सा सेवा केन्द्रको स्थापनागरी स्वास्थ्य पर्यटनलाई प्रवर्धन गरिने र **"मेरो स्वास्थ्य ,मेरो जिम्मेवारी"** को मूल मर्ममा रहि आफ्नो र समुदायको स्वास्थ्यको जिम्मेवारी बोध गरि समुदायस्तरमा स्वस्थ जीवनशैली अवलम्वनका लागि अभियानमूलक कार्यक्रमका साथै नागरिकको आयुर्वेद संस्थामा सहज पहुँचको सुनिश्चित गर्न आवश्यक देखिन्छ।

यस सन्दर्भमा प्रदेश अन्तर्गत आयुर्वेद संस्थाहरूमा संघिय सशर्त अनुदानबाट यस आमा सञ्चालन हुने देहाय बमोजिमका .व. कार्यक्रमहरूको गुणस्तरीय सञ्चालनव्यवस्थापकीय पक्षको सुधार तथा कार्यक्रम सञ्चालनमा एकरूपता ल्या ,उन यो मार्गदर्शन तयार पारीएको छ।

**१) औषधि खरिद**

| | |
|---|---|
| परिचय | गुणस्तरीय औषधि र स्वास्थ्य सामग्रीको सहज तथा प्रभावकारी आपूर्ति एवं उपयोगलाई सुनिश्चित गर्दै आयुर्वेद स्वास्थ्य संस्थाहरूमा सेवा लिन आउने सेवाग्राहीलाई तोकिएका औषधि निःशुल्क रूपमा निरन्तर उपलब्ध गराउने उदेश्यले यो कार्यक्रम राखिएको हो । |
| उद्देश्य | • निःशुल्क अत्यावश्यक औषधिहरूको उपलव्धता सुनिश्चित गर्ने ।<br>• स्थानीय रुपमा देखिने रोगहरूको प्राथमिकता अनुसार निरन्तर व्यवस्था हुने गरि आवश्यक आयुर्वेद औषधि खरिद गर्ने।<br>• निःशुल्क औषधि सहितको सेवा निरन्तर प्रवाह गर्ने। |
| अपेक्षित प्रतिफल | अत्यावश्यक औषधि सहितको सेवा नियमित उपलब्ध हुनेछ । |
| सन्चालन प्रकृया | **संचालन गर्ने निकायः** प्रदेश मातहतका आयुर्वेद स्वास्थ्य संस्थाहरु।<br>**संचालन विधिः**<br>• आयुर्वेद स्वास्थ्य संस्थाको विरामी तथ्यांक अनुसार खरिद गर्ने आयुर्वेद औषधिको प्राथमिकता एवं परिमाण निर्धारण गर्ने।<br>• यस शिर्षकबाट निशुल्क वितरण गरिने आयुर्वेद औषधिहरु, पूर्वकर्म (पञ्चकर्म) र आवश्यक्तानुसार नागरिक आरोग्य अभियान लगायत कार्यक्रमका लागि औषधि खरिद गर्ने।<br>• औषधि खरिद गर्दा अनुसूची ६ अनुसारका निःशुल्क बितरण गरिने अत्यावश्यक आयुर्वेद औषधिहरुको मिति २०७४।७।२३ को स्वीकृत सूची (२३ वटा) अनुसारका औषधि खरिद गर्नु पर्नेछ।<br>• सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ वमोजिम खरिद इकाइ गठन गरी प्राप्त वजेटको परिधी भित्र रहि प्रचलित कानून वमोजिम गर्ने।<br>• यसरी औषधी खरिद गर्दा उपलव्ध भएसम्म Good Manufacturing Practice कुशल उत्पादन अभ्यास प्रमाणपत्र प्राप्त गरेको उद्योगबाट उत्पादित औषधीलाई प्राथामिकता दिई खरिद गर्ने।<br>• खरिद गरिने औषधिको औषधि व्यवस्था विभागमा दर्ता भई नविकरण समेत भएको उत्पादन अनुज्ञा पत्र र वजार विक्रिवितरण प्रमाण पत्र अनिवार्य रुपमा पेश गर्नु पर्नेछ । |

Wondershare
PDFelement

| | |
|---|---|
| | • अनुसूचि ७ बमोजिमको गुणस्तर परिक्षण प्रतिवेदन र चूर्ण औषधीहरूको हकमा मान्यता प्राप्त औषधी परिक्षण प्रयोगशालाबाट microbial test comply भएको प्रमाणपत्र र औषधी दाखिला प्रतिवेदनको छायाँप्रति सहित औषधी दाखिला भएको मितिले १ महिना भित्र आयुर्वेद तथा वैकल्पिक चिकित्सा विभागमा अनिवार्य रूपमा पठाउनु पर्नेछ ।<br>• औषधि खरिद गर्दा गुणस्तर परिक्षण गरी रेकर्ड अद्यावधिक हुनु पर्नेछ।<br>• औषधिको गुणस्तर परीक्षण अनुसूची ७ मा तोकिए वमोजिम हुनेछ।खरिद सम्बन्धमा अनुसूचि ९ वमोजिम को फारम भरि अध्यावधिक गर्नुपर्ने छ।<br>**लक्षित समूहः** सेवाग्राहीहरू।<br>**कार्यक्रम संचालन गर्नुपर्ने समयः** कार्य योजना अनुसार । |
| बजेट बाँडफाँड | बजेट अख्तियारीमा भए बमोजिम । |
| सन्दर्भ सामाग्री | निर्देशिका ,कार्यविधि ,मापदण्ड आदि तथा अन्य प्रचलित ऐन नियम । |

**२) जेष्ठ नागरिकको लागि स्वास्थ्य प्रबर्धन सेवा कार्यक्रम**

| | |
|---|---|
| परिचय | आयुर्वेद स्वास्थ्य संस्थाहरुमा सेवा लिन आउने जेष्ठ नागरिक सेवाग्राहीहरुको पहिचान गरी नियमित रूपमा स्वास्थ्य जाँच तथा प्रवर्धन गर्न यो कार्यक्रम राखिएको हो । |
| उद्देश्य | जेष्ठ नागरिकहरूको शारीरिक जाँच गरी रसायन चिकित्सा र योगको माध्यमबाट स्वास्थ्य संरक्षण, प्रवर्धन र उचित परामर्श दिने। |
| अपेक्षित प्रतिफल | • जेष्ठ नागरिकहरूले नियमित रूपमा आवश्यक सेवा एवं औषधोपचार प्राप्त गर्नेछन् ।<br>• योग तथा उपयुक्त आहारविहार अपनाएर जीवनशैली परिवर्तन गरी स्तरीय जीवनयापन गर्न सक्नेछन्।<br>• रसायन औषधिहरूको प्रयोगबाट जेष्ठ नागरिकहरूको स्वास्थ्य संरक्षण र प्रवर्धन भएको हुनेछ । |
| सन्चालन प्रकृया | **कार्यक्रम संचालन गर्ने निकायः** प्रदेश मातहतका आयुर्वेद स्वास्थ्य संस्थाहरु।<br>**संचालन विधिः**<br>• आयुर्वेद स्वास्थ्य संस्थाहरुमा सेवा लिन आउने जेष्ठ नागरिक सेवाग्राहीको पहिचान गरी नियमित रूपमा स्वास्थ्य जाँच गर्ने।<br>• आचार रसायन, आहार-विहार, व्यायाम, योग तथा पूर्वपञ्चकर्म विधिको आधारमा सेवा प्रदान गर्न आवश्यक तोकिए बमोजिमका औषधिहरु बजेट शिर्षकमा व्यवस्था भए बमोजिमको बजेटको परिधि भित्र रहि औषधी खरिद गर्ने।<br>• समुदायमा स्वास्थ्य सेवाबाट बञ्चित, आर्थिक रूपले बिपन्न वर्गका जेष्ठ नागरिकहरूका लागि काम गरिरहेका स्थानीय संघ संस्थाहरू, बृद्धाश्रम, योग केन्द्रहरूसंग समेत समन्वय गर्न सकिनेछ ।<br>• कार्यक्रमको अभिलेख अनुसूची ३ वमोजिम अद्यावधिक राख्नु पर्ने छ ।<br>• यस कार्यक्रमको प्रतिवेदन तोकिएको ढांचामा यस विभागमा पठाउनु पर्नेछ ।<br>**कार्यक्रम संचालन गर्नु पर्ने समयः** कार्यालय समयमा नियमित रुपमा ।<br>**लक्षित समूहः** जेष्ठ नागरिकहरु। |
| बजेट बाँडफाँड | बजेट शिर्षकमा व्यवस्था भए बमोजिम तोकिए बमोजिमका औषधी खरिद गर्ने । |
| सन्दर्भ सामाग्री | निर्देशिकामापदण्ड आदि ,कार्यविधि , तथा अन्य प्रचलित ऐन नियम । |

**३) स्तनपायी आमालाई मातृशिशु सुरक्षार्थ दुग्धबर्धक जडिबुटी तथा अन्य औषधि वितरण कार्यक्रम (व्यवस्थापन खर्च)**

| | |
|---|---|
| परिचय | मातृशिशु स्वास्थ्य र स्तनपानको महत्व बुझाउन ,आमा र बच्चाको स्वास्थ्य सुधार गर्न तथा कुपोषणजन्य रोगबाट बचाउन, सुत्केरी महिलालाई शतावरी चूर्ण वितरण गरि पर्याप्त दूध बढाउन यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | • आमा र बच्चाको स्वास्थ्य सुधार गर्ने तथा कुपोषणजन्य रोगबाट बचाउने।<br>• स्तनपानको महत्वबारे स्तनपायी महिलाहरूलाई जनचेतनामूलक स्वास्थ्य शिक्षा प्रदान गर्ने । |

Wondershare
PDFelement

Wondershare PDFelement

| | |
|---|---|
| | • मातृशिशु मृत्युदर घटाउने । |
| अपेक्षित प्रतिफल | • शतावरी चूर्ण, दशमूल तेलको समेत प्रयोगबाट शिशु र आमाको स्वास्थ्यमा सुधार हुनेछ ।<br>• स्तनपायी महिलाहरू आफ्नो शिशुलाई स्तनपान गराउन उत्प्रेरित हुनेछन् ।<br>• बच्चाको शारीरिक र मानसिक बृद्धि र विकासमा सघाउ पुग्नेछ।<br>• कुपोषणजन्य रोगहरूको रोकथाम हुनेछ ।<br>• बाल मृत्युदर घटाउन मद्धत पुग्नेछ । |
| सन्चालन प्रकृया | **कार्यक्रम संचालन गर्ने निकायः** प्रदेश मातहतका आयुर्वेद स्वास्थ्य संस्थाहरु ।<br>**संचालन विधिः**<br>• स्वास्थ्य संस्थामा आउने समवन्धित सेवाग्राहीलाइ अनुसूची ४ मा तोकिए बमोजिमको औषधिका साथै दशमूल तेल समावेश गरी नियमित रूपमा सेवा प्रदान गर्न आवश्यक तोकिए बमोजिमका औषधिहरु बजेट शिर्षकमा व्यवस्था भए बमोजिमको बजेटको परिधि भित्र रहि औषधी खरिद गर्ने।<br>• स्वास्थ्य स्वयंसेविका समेतको समन्वयमा सुत्केरी महिलाको लगत संकलन गर्ने ।<br>• शिशु र आमाको नियमित रूपमा स्वास्थ्य जाँच गर्नुपर्नेछ।<br>• आवश्यकतानुसार सुत्केरी महिलाको पर्याप्त दूध बढाउन शतावरी (कुरिलो चूर्ण) ६ महिनासम्म खुवाउनु पर्नेछ। तत्काल सुत्केरी भएको अवस्था छ भने आमालाई एक महिनासम्म दशमूल तेलको मालिस प्रयोग गर्न दिनुपर्नेछ।<br>• मातृशिशु स्वास्थ्य र स्तनपानको महत्व बुझाउन बर्थिङ सेन्टर, खोपकेन्द्र, पूर्व प्रसूति जाँच गर्ने स्थानहरूसंग समेत समन्वय गर्न सकिनेछ ।<br>• कार्यक्रमको अभिलेख अनुसूची ३ वमोजिम अद्यावधिक राख्नु पर्ने छ ।<br>**लक्षित समूहः** स्तनपायी महिला (बच्चा जन्मेपछि ६ महिना सम्म) ।<br>**कार्यक्रम संचालन गर्नु पर्ने समयः** आयुर्वेद स्वास्थ्य संस्थाबाट नियमित । |
| बजेट बाँडफाँड | बजेट शिर्षकमा व्यवस्था भए बमोजिम तोकिए बमोजिमका औषधी खरिद गर्ने। |
| सन्दर्भ सामाग्री | निर्देशिकामापदण्ड आदि ,कार्यविधि , तथा अन्य प्रचलित ऐन नियम। |

Wondershare PDFelement

४) **पंचकर्म (पूर्वकर्म) कार्यक्रम**

| | |
|---|---|
| परिचय | पूर्वकर्म कार्यक्रमका माध्यमबाट आयुर्वेद स्वास्थ्य संस्थाहरुमा आउने सेवाग्राहीहरूको उपचार तथा स्वास्थ्य प्रवर्धन गर्न यो कार्यक्रम संचालन गरिएको हो । |
| उद्देश्य | आयुर्वेद स्वास्थ्य संस्थाहरुमा आउने सेवाग्राहीहरूको जाँच गरी पूर्वकर्मको माध्यमबाट आवश्यक उपचार, स्वास्थ्य संरक्षण, प्रवर्धन गर्ने । |
| अपेक्षित प्रतिफल | यस सेवाबाट बिरामीहरू तथा सेवाग्राहीहरूको आवश्यक उपचार, स्वास्थ्य संरक्षण, प्रवर्धन र पुनर्स्थापनामा सघाउ पुग्नेछ । |
| सन्चालन प्रकृया | **कार्यक्रम संचालन गर्ने निकायः** प्रदेश मातहतका आयुर्वेद स्वास्थ्य संस्थाहरु ।<br>**संचालन विधिः**<br>• आयुर्वेद स्वास्थ्य संस्थाहरुमा आएका सेवाग्राहीलाई स्वास्थ्य जाँच गरि समस्याको पहिचान गरी आवश्यकता अनुसार पूर्वकर्म सेवाका लागि सिफारिस गर्ने।<br>• पंचकर्म अन्तर्गत पूर्वकर्मको रूपमा स्नेहन, स्वेदन, शिरोधारा, कटीवस्ति, ग्रीवा वस्ति, नस्य आदि आवश्यकतानुसार संचालन गर्ने।<br>• स्वेदन कर्म को लागि अनुसूची २ वमोजिम का द्रव्य रोगानुसार प्रयोग गर्ने ।<br>• पूर्वपञ्चकर्म कार्यक्रम संचालन भएका आयुर्वेद स्वास्थ्य संस्थाहरुमा सेवा प्रयोजनका लागि अनुसूची १ मा तोकिए बमोजिमको फाराम भर्ने।<br>• कार्यक्रम संचालन गर्न आवश्यक जनशक्ति सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम प्राप्त बजेटको परिधि भित्र रहि यस आ.व. को लागि आवश्यकता अनुसार |

Wondershare PDFelement

| | |
|---|---|
| | १ महिला र १ पुरूष गरी जम्मा २ जना अभ्यंगकर्तासंग अनुसूचि ५ वमोजिमको कार्य विवरण अनुसारका कार्य गर्ने गरि सेवा करार गर्ने।<br>**लक्षित समूहः** आयुर्वेद संस्थाहरूमा उपचारार्थ आएका सेवाग्राहीहरू।<br>**कार्यक्रम संचालन गर्नु पर्ने समयः** कार्यालय संचालन रहने समयमा नियमित रुपमा । |
| बजेट बाँडफाँड | ४।३२,०००,- र बचत (सेवाकरार) रकम संचालन तथा व्यवस्थापनमा खर्च गर्ने। औषधीको हकमा औषधी खरिद शिर्षकबाट व्यवस्था गर्ने । |
| सन्दर्भ सामाग्री | निर्देशिकामापदण्ड आदि ,कार्यविधि , तथा अन्य प्रचलित ऐन नियम। |

**५) विद्यालय आयुर्वेद तथा योग शिक्षा कार्यक्रम**

| | |
|---|---|
| परिचय | स्वस्थवृत्त (आहारविहार आदी ,ऋतुचर्या ,दिनचर्या),सदवृत्त ,आचार रसायन ,जीवनशैली सम्बन्धी सचेतना तथा स्थानीयस्तरमा प्राप्त हुने जडिवुटीको उपयोगीता बारे जानकारी गराउन र योगको बारेमा जानकारी दिनुका साथै योगका विभिन्न क्रियाकलापहरुको अभ्यास गराउन विद्यालय आयुर्वेद स्वास्थ्य तथा योग शिक्षा कार्यक्रम राखीएको हो । |
| उद्देश्य | • स्वस्थवृत्त (दिनचर्या, ऋतुचर्या, आहार, विहार आदि), स्वस्थ जीवनशैली सम्बन्धी सचेतना गराउने ।<br>• योगको बारेमा जानकारी दिने तथा योगका विभिन्न क्रियाकलापहरुको अभ्यास गराउने ।<br>• घर वरिपरीका जडिबुटि र यिनको उपयोगको सम्वन्धमा सामान्य जानकारी गराउने । |
| अपेक्षित प्रतिफल | • स्वस्थवृत्त (दिनचर्या, ऋतुचर्या, आहार, विहार आदि), स्वस्थ जीवन शैली सम्बन्धी सचेतना प्राप्त भई स्वस्थ समाज निर्माण भएको हुनेछ।<br>• स्थानीयस्तरमा प्राप्त हुने जडिवुटीको उपयोगिता बारे जानकारी भई विद्यालय परिसर तथा आफ्नो घरवरिपरिपनि रोप्न प्रोत्साहित हुनेछन्।<br>• स्वस्थ जीवनका लागि योगको महत्व बारेमा जानकारी प्राप्त भई योगअभ्यास आफूले पनि गर्ने र अरुलाई पनि सिकाउने छन् । |
| सन्चालन प्रकृया | **सञ्चालन गर्ने निकायः** प्रदेश मातहतका आयुर्वेद स्वास्थ्य संस्थाहरु।<br>**संचालन विधीः**<br>• विद्यालय आयुर्वेद तथा योग शिक्षा कार्यक्रम संचालनका लागि सम्वन्धित विद्यालयबाट प्रतिवद्दता पत्र लिई दुई वटा माध्यामिक विद्यालय छनौट गर्ने।<br>• प्रत्येक विद्यालयका प्रधानाध्यापक, स्वास्थ्य तथा शारिरीक शिक्षा विषयका शिक्षक, नर्सिङ कर्मचारी (विद्यालय नर्सिङ कार्यक्रम संचालन भएको विद्यालयको हकमा) समेत प्रति विद्यालय कम्तिमा चार जना शिक्षक/ शिक्षिकालाई विभागले तयार गरेको Module For Ayurveda and Yoga Education at School मा आधारित रहि ५ दिने तालिम कार्यक्रम संचालन गर्ने।<br>• तालिम प्रदान गरिएका विद्यालयका सम्वन्धित शिक्षक/शिक्षिका मार्फत नियमित रुपमा हप्तामा कम्तिमा १ कक्षाका दरले उल्लेखित मोड्युलमा आधारित रहि कार्यक्रम संचालन गर्ने। त्यसका लागि विद्यालयमा नियमित समय छुट्याउन विद्यालय व्यवस्थापन समितिसंग छलफल गरि पहल गर्ने।<br>• विद्यार्थिहरू माझ योगाभ्यास प्रतिष्पर्धा गराइ उत्कृष्ठ विद्यार्थिलाइ प्रोत्साहन गर्न सकिने छ।<br>• सम्वन्धित कार्यालयको एक जना प्राविधिक कर्मचारीलाई फोकल पर्सन तोक्ने। उक्त फोकल पर्सन वा कार्यालय प्रमुखले त्रैमासिक रूपमा विद्यालय योग शिक्षा कार्यक्रम संचालन भएको साथै आयुर्वेद तथा वैकल्पिक विभागले छनौट गरि कार्यक्रम संचालन गरिसकेका विद्यालयहरु समेतको अनुगमन, निरिक्षण तथा समन्वय गरि विभागमा अनिवार्य रुपमा प्रतिवेदन पठाउने। |
| बजेट बाँडफाँड | बजेट अख्तियारीमा भए बमोजिम । |

Wondershare PDFelement

Wondershare PDFelement

६) प्रयोगशाला संचालन ( अन्य सेवा शुल्क समेत)

| | |
|---|---|
| परिचय | प्रयोगशाला संचालन भैरहेका जिल्लास्थित संस्थाका लागिआवश्यक स्थायी कर्मचारीको दरवन्दि नभएकाले सेवा करारमा आवश्यक कर्मचारी व्यवस्थापन गरि प्रयोगशाला सेवा सुचारू गर्न यो कार्यक्रम राखिएको छ। |
| उद्देश्य | प्रभावकारी एवं सुलभ निदान तथा उपचार व्यवस्थापनका लागि प्रयोगशाला सेवा संचालन गर्ने । |
| न्यूनतम शैक्षिक योग्यता | ल्याव टेक्निसियनः मान्यता प्राप्त शैक्षिक संस्थाबाट मे विषयमा प्रविणता प्रमाणपत्र तह .टे.ल्या. उतिर्ण गरि नेपाल स्वास्थ्य व्यवसायी परिषदमा (.टी.एल.एम.सि)B Class निदान समूहमा दर्ता भएको हुनु पर्ने। |
| अपेक्षित प्रतिफल | प्रभावकारी रोग निदानको माध्यमबाट सेवा प्रभावकारीता अभिबृद्धि भएको हुनेछ। |
| सन्चालन प्रकृया | **सञ्चालन गर्ने निकायः** प्रदेश मातहतका आयुर्वेद स्वास्थ्य संस्था।<br>**सञ्चालन गर्ने विधिः**<br>• रोग निदानको लागि नियमितरुपमा प्रयोगशाला परिक्षणको व्यवस्था मिलाउने।<br>• विद्यमान प्रशासनिक, आर्थिक ऐन तथा नियमावली अनुसारको प्रकृया अपनाइ यस आ.व. को लागि सेवा करारमा लिइने पदको कार्य विवरण तयार गर्ने।<br>• विषयगत कार्यमा कम्तिमा १ वर्षको अनुभव भएका व्यक्तिलाई प्राथमिकता दिने<br>• सेवा करार सम्झौता भएका कर्मचारीको नियमित मुल्यांकन र अनुगमन गर्ने। |
| बजेट बाँडफाँड | बजेट अख्तियारीमा भए बमोजिम। |
| सन्दर्भ सामाग्री | निर्देशिकामापदण्ड आदि ,कार्यविधि , तथा अन्य प्रचलित ऐन नियम। |

७) नागरिक आरोग्य सेवा केन्द्र तथा अभियान संचालनार्थ

| | |
|---|---|
| परिचय | नागरिकलाई शारीरिक व्यायाम, योग र आरोग्य सेवाको विस्तार तथा स्वच्छ र सन्तुलित आहारमा जोड दिई स्वस्थ जीवनशैली अपनाउन अभिप्रेरित गरिने नेपाल सरकारको बार्षिक नीति तथा कार्यक्रम अनुसार स्थानीय तहसंगको सहकार्य र आम नागरिकको सहभागितामा नागरिक आरोग्य सेवा केन्द्र तथा अभियान संचालनार्थ यो कार्यक्रम राखिएको हो । |
| उद्देश्य | "मेरो स्वास्थ्य ,मेरो जिम्मेवारी" को मूल मर्ममा रहि आफ्नो र समुदायको स्वास्थ्यको जिम्मेवारी बोध गरि स्थानीय तहमा स्वस्थ जीवनशैली अवलम्वनका लागि अभियानमूलक कार्यक्रमका रुपमा नागरिक आरोग्य सेवा केन्द्र तथा नागरिक आरोग्य अभियान संचालन गर्ने। |
| अपेक्षित प्रतिफल | • नागरिकहरु आफ्नो र समुदायको स्वास्थ्य प्रति सचेत भएको हुनेछन।<br>• स्वस्थ जीवनशैली अवलम्वनको माध्यम बाट नागरिकको स्वास्थ्य प्रवर्धन भएको हुनेछ।<br>• विभिन्न सर्ने तथा नसर्ने रोगहरु न्यूनीकरण गर्न सघाउ पुग्नेछ । |
| सन्चालन प्रकृया | **कार्यक्रम संचालन गर्ने निकायः** प्रदेश मातहतका आयुर्वेद स्वास्थ्य संस्था मार्फत।<br>**संचालन विधिः**<br>• नागरिक आरोग्य सेवा केन्द्र तथा नागरिक आरोग्य अभियान संचालन गर्न जनशक्ति आवश्यक परेमा अभियानकर्ताका लागि अनुसूची १० मा तोकिए बमोजिमका कार्य विवरण अनुसारको कार्य सम्पादन गर्न विद्यमान प्रशासनिक, आर्थिक ऐन तथा नियमावली अनुसारको प्रकृया अपनाई यस आ.व. को लागि सेवा करार सम्झौता गर्न सकिनेछ।<br>• कार्यवोझको आधारमा स्थानीय तहको खर्चबाट थप जनशक्ति समेत व्यवस्था गर्न सक्नेछ ।<br>• प्रत्येक महिनाको कार्य तालिका बनाई त्यसको आधारमा कार्यहरु सम्पादन गर्ने ।<br>• नागरीक आरोग्य अभियान संचालनका लागि आवश्यक पर्ने व्यवस्थापन तथा न्यूनतम पूर्वाधार सम्वन्धित स्थानीय तहले गर्नुपर्नेछ।<br>• अनुगमन कार्य संघ तथा प्रदेश सरकारबाट गरिनेछ। |

Wondershare PDFelement

| | |
|---|---|
| | • प्रदेश सरकार मातहतका जिल्ला स्तरीय आयुर्वेद स्वास्थ्य संस्था र स्थानीयतहबाट कार्यक्रम समन्वय हुने छ।<br>• तोकिए बमोजिमका अन्य कार्यहरू गर्ने।<br>**नागरिक आरोग्य अभियानमा गर्ने कार्यहरूः**<br>• जिल्ला मार्फत प्राप्त नागरिक आरोग्य अभियानसंग सम्बन्धित पुस्तक, पम्पलेट, ब्रोसर तथा हाते पुस्तिका लगायतका सूचनामूलक सामाग्रिहरू सम्बन्धित व्यक्ति, समूदाय तथा विद्यालयमा वितरण गर्ने<br>• नागरिक आरोग्य अभियान सञ्चालन भएको स्थानियतह, स्थानीय तहमा भएका स्वास्थ्य संग सम्बन्धित अन्य संघ सस्था र वडा कार्यालयसँग समन्वय गर्दै स्वास्थ्य सम्बन्धी कार्यक्रममा सहभागिता जनाउने।<br>• स्वस्थ जीवनशैली, योग तथा जडिबुटी सम्बन्धी जानकारी स्थानीय विद्यालय र समुदायलाई दिने।<br>• नागरिक आरोग्य समिति र समुह समेतको सहयोगमा विद्यार्थी, शिक्षक, जनप्रतिनिधि, नागरिक समाज लगाएतको सहभागितामामा नागरिक आरोग्य अभियान संचालन गर्ने। उक्त अभियानमा विभागबाट प्राप्त भएको प्रश्नावलीहरुका आधारमा समुदायको तथ्याङ्क संकलन तथा जीवनशैली परिक्षण गर्ने।<br>• स्थानीयरुपमा वा जिल्लामा क्रियाशील योग समुहको सहयोगमा माग र आवश्यकता अनुसार सम्बन्धित पालिकाको समन्वयमा योग साधना तथा ध्यान शिविर संचालन गर्ने।<br>• स्थानीय तह संगको समन्वयमा नागरिक आरोग्य अभियान संचालन गर्ने। |
| बजेट बाँडफाँड | प्राप्त बजेटबाट प्रति नागरिक आरोग्य सेवा केन्द्रको लागि जनशक्ति आवश्यक परेमा जनशक्ति व्यवस्थापनको लागि रु. ३००,०००।- र बचत रकमबाट नागरिक आरोग्य अभियानमा विभागबाट प्राप्त भएको प्रश्नावलीका आधारमा समुदायको तथ्याङ्क संकलन तथा जीवनशैली परिक्षणसम्बन्धित , स्थानिय तहकास्थानहरुमा योग साधना तथा ध्यान शिविर संचालन लगायतका नागरिक आरोग्य अभियान सञ्चालन गर्न खर्च व्यवस्थापन गर्ने। अभियान संचालनको लागि केन्द्र संख्या अनुसूचि ११ वमोजिम हुने। |
| सन्दर्भ सामाग्री | नागरिक आरोग्य कार्यक्रम संचालन निर्देशिकाअन्य ,२०७६- निर्देशिकामापदण्ड आदि ,कार्यविधि , तथा अन्य प्रचलित ऐन नियम। |

Wondershare PDFelement

**लुम्बिनी अंचल आयुर्वेद औषधालय (लुम्बिनी आयुर्वेद चिकित्सालय) रुपन्देहीका लागि अस्पताल सुदृढिकरण खर्च**

| | |
|---|---|
| परिचय | प्रदेश सरकारले स्तरोन्नति गरेकाले आयुर्वेद चिकित्सालयको प्रभावकारी संचालन तथा व्यवस्थापनको माध्यमबाट सेवा विस्तार तथा गुणस्तरीय आयुर्वेद स्वास्थ्य सेवा प्रवाहका लागि यो कार्यक्रम राखीएको हो |
| उद्देश्य | आयुर्वेद चिकित्सालयको सेवा विस्तार तथा गुणस्तरीय सेवा प्रवाहमा प्रभावकारीता अभिबृद्धि गर्ने। |
| अपेक्षित प्रतिफल | आयुर्वेद चिकित्सालयको सेवा विस्तार तथा सेवा प्रवाह व्यवस्थित भै सेवाग्राहिहरूले गुणस्तरीय आयुर्वेद सेवा प्राप्त गरेका हुनेछन्। |
| सन्चालन प्रकृया | **संचालन गर्ने निकायः लुम्बिनी अंचल आयुर्वेद औषधालय लुम्बिनी) आयुर्वेद चिकित्सालयरुपन्देही (**<br>**संचालन विधिः** प्रादेशिक आयुर्वेद चिकित्सालयमा **अस्पताल सुदृढिकरण खर्च शिर्षकमा** बिनियोजित रकम मध्येबाट चिकित्सालयले तपशील बमोजिम गर्ने।<br>• प्रथम त्रैमासिक अवधि भित्र चिकित्सालयको संचालन तथा व्यवस्थापन सम्वन्धी आवश्यकता पहिचान गर्ने<br>• आवश्यकता पहिचान पश्चात सोही अवधि भित्र आयुर्वेद तथा वैकल्पिक चिकित्सा विभागसंगको समन्वय एवं परामर्शमा अस्पताल संचालन तथा व्यवस्थापन सम्वन्धी (विभागसंगको समन्वयमा अस्पताल सेवा व्यवस्थापन क्षमता अभिवृद्धि तालिम समेत समावेश गरि) बजेट बाँडफाँडको कार्ययोजना बनाउने । |

Wondershare PDFelement

| | |
|---|---|
| | • स्वीकृत कार्यक्रम तथा बजेट बाँडफाँड कार्ययोजना बमोजिम प्रचलित ऐन नियमको परिधी भित्र रहि बजेट कार्यान्वयन गर्ने।<br>• बजेट कार्यान्वयन सम्वन्धी त्रैमासिक प्रगति प्रतिवेदन अनिवार्य रूपमा आयुर्वेद तथा वैकल्पिक चिकित्सा विभागमा पठाउने।<br>• कार्यक्रमको अनुगमन तथा समन्वय आयुर्वेद तथा वैकल्पिक चिकित्सा विभागबाट हुनेछ । |
| बजेट बाँडफाँड | स्वीकृत कार्य योजना बमोजिम । |
| सन्दर्भ सामाग्री | कार्यक्रम कार्यान्वयन कार्ययोजना मापदण्ड , तथा अन्य प्रचलित ऐन नियम। |

**प्रादेशिक आयुर्वेद चिकित्सालय, कैलाली आयुर्वेद चिकित्सालय संचालन खर्च**

| | |
|---|---|
| परिचय | प्रदेश सरकारले स्तरोन्नति गरेकाले आयुर्वेद चिकित्सालयको प्रभावकारी संचालन तथा व्यवस्थापनको माध्यमबाट सेवा विस्तार तथा गुणस्तरीय आयुर्वेद स्वास्थ्य सेवा प्रवाहका लागि यो कार्यक्रम राखीएको हो। |
| उद्देश्य | आयुर्वेद चिकित्सालयको सेवा विस्तार तथा गुणस्तरीय सेवा प्रवाहमा प्रभावकारीता अभिबृद्धि गर्ने । |
| अपेक्षित प्रतिफल | आयुर्वेद चिकित्सालयको सेवा विस्तार तथा सेवा प्रवाह व्यवस्थित भै सेवाग्राहिहरूले गुणस्तरीय आयुर्वेद सेवा प्राप्त गरेका हुनेछन्। |
| सन्चालन प्रकृया | **संचालन गर्ने निकायः** प्रादेशिक आयुर्वेद चिकित्सालयकैलाली ,<br>**संचालन विधिः** प्रादेशिक आयुर्वेद चिकित्सालयमा सशर्त अनुदान मार्फत **अस्पताल सुदृढिकरण खर्च शिर्षकमा** बिनियोजित रकम मध्येबाट निम्न बमोजिमका आयुर्वेद सेवा कार्यक्रम संचालन गर्ने। |

| कार्यक्रमको नाम | बजेट |
|---|---|
| १. औषधि खरिद | ९-/३५,०००, |
| २. जेष्ठ नागरिकको लागि स्वास्थ्य प्रबर्धन सेवा कार्यक्रम | ८१-/०००, |
| ३. स्तनपायी आमालाई मातृशिशु सुरक्षार्थ दुग्धबर्धक जडिबुटी तथा अन्य औषधि वितरण कार्यक्रम। | ८१-/०००, |
| ४. पंचकर्म (पूर्वकर्म) कार्यक्रम । | ४-/४६,०००, |
| ५ .विद्यालय आयुर्वेद तथा योग शिक्षा कार्यक्रम | १ -/२२,०००, |
| ६ .प्रयोगशाला संचालन ) अन्य सेवा शुल्क समेत( | ४-/०५,०००, |
| ७.नागरिक आरोग्य सेवा केन्द्र तथा अभियान संचालनार्थ। | १५-/३९,०००, |
| ८विभाग .संगको समन्वयमा अस्पताल सेवा व्यवस्थापन क्षमता अभिवृद्धि तालिम | ४ -/००,०००, |
| जम्मा रकम | ४०-/०९,०००, |

**अस्पताल सुदृढिकरण खर्च शिर्षकमा बचत रकम मध्य बाट निम्न बमोजिम गर्ने।**

- प्रथम त्रैमासिक अवधि भित्र चिकित्सालयको संचालन तथा व्यवस्थापन सम्वन्धी आवश्यकता पहिचान गर्ने
- यसरी आवश्यकता पहिचान भएका कार्यक्रमको सम्वन्धमा सोही अवधि भित्र आयुर्वेद तथा वैकल्पिक चिकित्सा विभागसंगको समन्वय एवं परामर्शमा चिकित्सालय संचालन तथा व्यवस्थापन सम्वन्धी कार्यक्रम तथा बजेट बाँडफाँड कार्ययोजना बनाउने ।
- स्वीकृत कार्यक्रम तथा बजेट बाँडफाँड कार्ययोजना बमोजिम प्रचलित ऐन नियमको परिधी भित्र रहि बजेट कार्यान्वयन गर्ने।
- बजेट कार्यान्वयन सम्वन्धी त्रैमासिक प्रगति प्रतिवेदन अनिवार्य रूपमा आयुर्वेद तथा वैकल्पिक चिकित्सा विभागमा पठाउने।
- कार्यक्रमको अनुगमन तथा समन्वय आयुर्वेद तथा वैकल्पिक चिकित्सा विभागबाट हुनेछ।

| | |
|---|---|
| बजेट बाँडफाँड | • सशर्त अनुदान मार्फत संचालन गरिने आयुर्वेद सेवा कार्यक्रम माथि उल्लेख गरिए अनुरुप संचालन गर्ने।<br>• अस्पताल सुदृढिकरण खर्च शिर्षकमा स्वीकृत कार्य योजना बमोजिम गर्ने। |
| सन्दर्भ सामाग्री | कार्यक्रम कार्यान्वयन कार्ययोजना मापदण्ड , तथा अन्य प्रचलित ऐन नियम। |

Wondershare PDFelement

**प्रादेशिक आयुर्वेद चिकित्सालय विजौरी, अस्पताल संचालन तथा व्यवस्थापन खर्च**

| | |
|---|---|
| परिचय | प्रादेशिक आयुर्वेद चिकित्सालयको प्रभावकारी संचालन तथा व्यवस्थापनको माध्यमबाट गुणस्तरीय आयुर्वेद स्वास्थ्य सेवा प्रवाहका लागि यो कार्यक्रम राखीएको हो। |
| उद्देश्य | प्रादेशिक आयुर्वेद चिकित्सालयको सेवा प्रवाहमा गुणस्तरीयता र प्रभावकारीता अभिबृद्धि गर्ने। |
| अपेक्षित प्रतिफल | प्रादेशिक आयुर्वेद चिकित्सालयहरूको सेवा प्रवाह व्यवस्थित भै सेवाग्राहिहरूले गुणस्तरीय आयुर्वेद सेवा प्राप्त गरेका हुनेछन्। |
| सन्चालन प्रकृया | **संचालन गर्ने निकायः** प्रादेशिक आयुर्वेद चिकित्सालय<br>**संचालन विधिः** प्रादेशिक आयुर्वेद चिकित्सालयमा बिनियोजित रकम मध्येबाट चिकित्सालयले तपशील बमोजिम गर्ने।<br>• प्रथम त्रैमासिक अवधि भित्र चिकित्सालयको संचालन तथा व्यवस्थापन सम्वन्धी आवश्यकता पहिचान गर्ने<br>• आवश्यकता पहिचान पश्चात सोही अवधि भित्र आयुर्वेद तथा वैकल्पिक चिकित्सा विभागसंगको समन्वय एवं परामर्शमा अस्पताल संचालन तथा व्यवस्थापन खर्च सम्वन्धी (विभागसंगको समन्वयमा अस्पताल सेवा व्यवस्थापन क्षमता अभिवृद्धि तालिम समेत समावेश गरि) बजेट बाँडफाँडको कार्ययोजना बनाउने<br>• स्वीकृत कार्ययोजना तथा बजेट बाँडफाँड बमोजिम प्रचलित ऐन नियमको परिधी भित्र रहि बजेट कार्यान्वयन गर्ने ।<br>• बजेट कार्यान्वयन सम्वन्धी त्रैमासिक प्रगति प्रतिवेदन अनिवार्य रूपमा आयुर्वेद तथा वैकल्पिक चिकित्सा विभागमा पठाउने । |
| बजेट बाँडफाँड | स्वीकृत कार्ययोजना बमोजिम। |
| सन्दर्भ सामाग्री | कार्यक्रम कार्यान्वयन कार्ययोजना मापदण्ड , तथा अन्य प्रचलित ऎन नियम । |

**भेरी अंचल आयुर्वेद औषधालय (प्रदेश आयुर्वेद अस्पताल तथा अनुसन्धान केन्द्र) सुर्खेतका लागि अस्पताल सुदृढिकरण खर्च**

| | |
|---|---|
| परिचय | प्रदेश सरकारले स्तरोन्नति गरेकाले आयुर्वेद अस्पतालको प्रभावकारी संचालन तथा व्यवस्थापनको माध्यमबाट सेवा विस्तार तथा गुणस्तरीय आयुर्वेद स्वास्थ्य सेवा प्रवाहका लागि यो कार्यक्रम राखीएको हो |
| उद्देश्य | आयुर्वेद अस्पतालको सेवा विस्तार तथा गुणस्तरीय सेवा प्रवाहमा प्रभावकारीता अभिबृद्धि गर्ने । |
| अपेक्षित प्रतिफल | आयुर्वेद अस्पतालको सेवा विस्तार तथा सेवा प्रवाह व्यवस्थित भै सेवाग्राहिहरूले गुणस्तरीय आयुर्वेद सेवा प्राप्त गरेका हुनेछन्। |
| सन्चालन प्रकृया | **संचालन गर्ने निकायः** भेरी अंचल आयुर्वेद औषधालय प्रदेश) आयुर्वेद अस्पताल तथा अनुसन्धान केन्द्र(<br>**संचालन विधिः** प्रदेश आयुर्वेद अस्पतालमा **अस्पताल सुदृढिकरण खर्च शिर्षकमा** बिनियोजित रकम मध्येबाट अस्पतालले तपशील बमोजिम गर्ने ।<br>• प्रथम त्रैमासिक अवधि भित्र अस्पतालको संचालन तथा व्यवस्थापन सम्वन्धी आवश्यकता पहिचान गर्ने ।<br>• आवश्यकता पहिचान पश्चात सोही अवधि भित्र आयुर्वेद तथा वैकल्पिक चिकित्सा विभागसंगको समन्वय एवं परामर्शमा अस्पताल संचालन तथा व्यवस्थापन सम्वन्धी (विभागसंगको समन्वयमा अस्पताल सेवा व्यवस्थापन क्षमता अभिवृद्धि तालिम समेत समावेश गरि) बजेट बाँडफाँडको कार्ययोजना बनाउने ।<br>• स्वीकृत कार्ययोजना तथा बजेट बाँडफाँड बमोजिम प्रचलित ऐन नियमको परिधी भित्र रहि बजेट कार्यान्वयन गर्ने ।<br>• बजेट कार्यान्वयन सम्वन्धी त्रैमासिक प्रगति प्रतिवेदन अनिवार्य रूपमा आयुर्वेद तथा वैकल्पिक चिकित्सा विभागमा पठाउने । |

| | |
|---|---|
| | • कार्यक्रमको अनुगमन तथा समन्वय आयुर्वेद तथा वैकल्पिक चिकित्सा विभागबाट हुनेछ । |
| बजेट बाँडफाँड | स्वीकृत कार्य योजना बमोजिम । |
| सन्दर्भ सामाग्री | कार्यक्रम कार्यान्वयन कार्ययोजना मापदण्ड , तथा अन्य प्रचलित ऐन नियम । |

Wondershare PDFelement

Wondershare PDFelement

अनुसूचीहरू

## अनुसूची १
## पंचकर्म (पूर्वकर्म) सेवा सम्बन्धि फाराम

१. नाम, थरः
२. उमेरः
३. लिङ्गः
४. ठेगानाः महा/उप/नगरपालिका/गाउपालिका वडा नं.
५. पेशाः
६. सम्बन्धित बिरामी वा अभिभावकको दस्तखतः
८. कार्यालय प्रयोजनको लागि (२ प्रति मध्ये १ प्रति सेवाग्राहीलाई)
(क) मूल दर्ता नं.
(ख) सहायक रजिष्टर दर्ता नं.
९. सेवाः योग, पूर्वकर्मः स्नेहन र स्वेदन,शिरोधारा, प्रतिमर्स नश्य कम, अन्य

## अनुसूची २
## स्वेदन कर्मको लागि आवश्यक द्रव्यहरू

प्रायशः पातहरूको प्रयोग गरिन्छ र फल, बोक्रा, जरा वा काण्डको पनि प्रयोग गर्न सकिन्छ ।

| | | | | |
|---|---|---|---|---|
| सिमली (निर्गुण्डी) | पुनर्नवा | गहत | दशमूल | बृहत पंचमूल |
| लघुपञ्चमूल | गुर्जो | तण्डुल (चामल) | शीतल चिनी (शिग्रु) | तितेपाती |
| बरुण (सिप्लिगान) | एरण्ड | अर्क(आंक) | तिल | सिस्नु आदि |

## अनुसूची ३
निःशुल्क बिशेष स्वास्थ्य सेवाको प्रयोजनको लागि भरिने फाराम

१. नाम,थरः
२. उमेरः
३. लिङ्गः
४. ठेगानाः महा/उप/नगर/गाउंपालिका वडा नं.
५. पेशाः
६. सम्बन्धित बिरामी वा अभिभावकको दस्तखतः
७. सेवाको किसिमः
(क) जेष्ठ नागरिक (ख) स्तनपायी आमा
८. कार्यालय प्रयोजनको लागि (२ प्रति मध्ये १ प्रति सेवाग्राहीलाई(
(क) मूल दर्ता नं.
(ख) सहायक रजिष्टर दर्ता नं.

| सि.नं. | मिति | सेवाको किसिम | औषधिको नाम | फायल | ग्रा/.मिग्रा. | पुनरावृति मिति | विरामीको दस्तखत | दस्तखत)औषधि वितरण शाखा( |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |

**सिफारिश गर्ने**
उपचारमा)संलग्न स्वास्थ्यकर्मी(
नामः
पदः
दस्तखतः

**स्वीकृत गर्ने**
संस्था प्रमुख
नामः
पदः
दस्तखतः

Wondershare
PDFelement

## अनुसूची ४

### स्तनपायी आमाका लागि औषधिहरू

| क्रसं. | औषधीको नाम | प्रयोग | मात्रा | प्रयोग विधि | प्रयोग अवधि | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | शतावरी चूर्ण(कुरिलो) | स्तन्य वर्द्धक , ,पोषक रोग प्रतिरोध शक्ति वर्द्धक | चूर्ण ३-६ ग्राम स्वरस १०-२० मि.लि. क्वाथः ५०-१०० मि.लि | रस निकालेर, चूर्ण )Powder( बनाएर अथवा पकाएर क्वाथको रूपमा | आवश्यकतानुसार सुत्केरी भएको ६ महिना सम्म | |

## अनुसूची ५

### पूर्वकर्म) स्नेहन, स्वेदन(, शिरोधारा ,पंचकर्म संचालन गर्ने अभ्यङ्गकर्ता

**अभ्यङ्गकर्ताः**

१. महिला/पुरुष
२. कम्तिमा ३ महिनाको तालिम प्राप्त ।
३. **तालिम दिने निकायः** मान्यता प्राप्त शिक्षण संस्था/आयुर्वेद चिकित्सकको निगरानीमा आयुर्वेद संस्था ।
४. कम्तीमा ८ कक्षा उत्तीर्ण हुन पर्ने ।
५. स्थानीयलाइ प्राथमिकता दिने ।
६ .उमेरः १८- ४5 वर्ष

**कार्य बिवरण**

(क) अभ्यङ्ग, स्वेदन र शिरोधारा कक्षको आवश्यक सरसफाई गर्ने।
(ख) आवश्यक पूर्वकर्मका सामग्रीहरु तयार गर्ने।
(ग) चिकित्सकप्राविधिक/को निगरानीमा आयुर्वेद स्वास्थ्य संस्थामा आएका सेवाग्राहीहरुलाई अभ्यङ्ग (तेल मालिश), स्वेदन, शिरोधारा लगायतका कामहरु गर्ने।
(घ) अभ्यङ्ग लगायत सेवा प्रदान गरेको बिवरणका साथै प्रतिवेदन तयार गर्न सहयोग गर्ने

## अनुसूची ६

### अत्यावश्यक आयुर्वेद औषधि सूचि

१. निःशुल्क प्रदान गरिने निम्नानुसारका औषधिहरु निरन्तर रुपमा प्राप्त हुने व्यवस्था मिलाउनु पर्नेछ ।

| क्र.सं. | औषधिको विवरण |
|---|---|
| १. | अविपत्तिकर चूर्ण |
| २. | हिंग्वाष्टक चूर्ण |
| ३. | महायोगराज गुग्गुल |
| ४. | महानारायण तैल |
| ५. | सितोपलादि चूर्ण |
| ६. | टंकण भस्म |
| ७. | पुष्यानुग चूर्ण |
| ८. | बालामृत |
| ९. | मृगमदासाव |
| १०. | सर्पगन्धाघन वटी |

Wondershare
PDFelement

Wondershare PDFelement

| | |
|---|---|
| ११. | निम्बादि चूर्ण |
| १२. | गन्धक रसायन |
| १३. | खदिरादि वटी |
| १४. | षडविन्दु तेल |
| १५. | योगराज गुग्गुल |
| १६. | महाशुदर्शन चूर्ण |
| १७. | महाशंख वटी |
| १८. | विल्वादि चूर्ण |
| १९. | जात्यादि तेल |
| २०. | कैशोर गुग्गुल |
| 21. | चन्द्रप्रभावटी |
| 22. | त्रिफला, |
| 23. | अश्वगन्धा चूर्ण |

२ औषधि व्यवस्थापन .

१ औषधि खरिद (

औषधि खरिद गर्दा सार्बजनिक खरिद ऐन २०६३ तथा सार्बजनिक खरिद नियमावली २०६४ बमोजिम खरिद एकाइ गठन गरि प्रचलित आर्थिक ऐन नियम बमाजिम गर्नुपर्ने छ ।

क बिनियोजित बजेटबाट ऐन नियमको परिधि भित्र रही तोकिएका औषधिहरू खरिद गर्नुपर्ने छ । (

खऔषधिको आम्दानी खर्चको अभिलेख छुट्टा छुट्टै सहायक जिन्सी खाता खडा गरी खर्च व्यवस्थापन गर्नुपर्ने -औषधिको खर्च ( छ। यसरी राखिएको अभिलेख भण्डारको अभिलेख र उपचार रजिष्टरको अभिलेखसंग भिडेको हुनुपर्ने छ ।

Wondershare PDFelement

**अनुसूची ७**

**औषधि गुणस्तर सम्बन्धि व्यवस्था**

सम्बन्धित निकायबाट हालसालै नविकरण गरी अद्यावधिक भएको उत्पादन अनुज्ञापत्रतथा बजारबिक्री बितरण प्रमाणपत्र संलग्न हुनुपर्ने । गुणस्तरपरिक्षणका लागि कम्तिमा BAMS वा सो सरहको अध्ययन गरि नेपाल आयुर्वेद चिकित्सा परिषदमा दर्तावाल चिकित्सक ,कार्यालय प्रमुख र एक जना आयुर्वेद विषयको प्राविधिक रहने गरि गुणस्तर परिक्षण समिति गठन गरि परिक्षण गराउने।

**क) चूर्ण औषधिहरुको निम्नानुसार परीक्षण व्यवस्था गर्ने:**

| क्रस. | औषधिको नाम | तौल | रूप/वर्ण | स्पर्श | रस | गन्ध | एकरूपता | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| प्रत्येक व्याचको स्वीकृति प्राप्त औषधि परीक्षण प्रयोगशालाबाट Microbial Test पूरा गरेको )Comply( प्रमाणपत्र संलग्न हुनुपर्ने। | | | | | | | | |

**(ख) गुग्गुल/वटी औषधिहरुको निम्नानुसार परीक्षण व्यवस्था गर्ने:**

| क्र.स. | औषधिको नाम | तौल | | रूप/वर्ण | स्पर्श (Hardness) | एकाई तौल (Fineness) | रस | गन्ध | एकरूपता | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | प्रति वटि | प्रति बट्टा | | | | | | | |

**(ग) भष्म/पिष्टी औषधिहरुको निम्नानुसार परीक्षण व्यवस्थ गर्ने:**

| क्र.स. | औषधिको नाम | तौल | स्वरूप (form) | रूप/वर्ण (colour) | रेखापूर्णता | वारितर | निश्चन्द्रिका | रस | गन्ध | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |

**)घ) मलहम एवं तैल औषधिहरुको निम्नानुसार परीक्षण व्यवस्था गर्ने:**

Wondershare PDFelement

| क्र.स. | औषधिको नाम | तौल | रूप/वर्ण (colour) | स्पर्श (smoothness) | सान्द्रता | गन्ध | एकरूपता | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |

## अनुसूची ८

## अत्यावश्यक आयुर्वेद औषधि तथा अन्य खरिद र जिन्सी अध्यावधिक गर्दा भर्नुपर्ने खपत विवरण फारम

| क्र.स. | औषधिको नाम | औषधिको मासिक खर्च विवरण | | औषधि हस्तान्तरण गरेको संस्थाको संख्या | कैफियत |
|---|---|---|---|---|---|
| | | परिणाम | इकाइ | | |
| १. | | | | | |
| २. | | | | | |

## अनुसूची ९

## औषधिको मौज्दात विवरण फारम

| क. सं. | औषधि को नाम | औषधिप्राप्तिको श्रोत /कार्यक्रम | | | | | | | | | औषधि को जम्मा परिमाण | ईकाई तौल खुल्नेगरी के.जी. /ग्राम/ फाईल | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | गतआ.व. को वांकी मौज्दात | आयुर्वेद विभाग वाट प्राप्त | अत्यावश्यक आयुर्वेद औषधिखरिद | चूर्ण औषधिनिर्माण | अन्य वाट औषधिखरिद/ प्राप्त | जेष्ठ नागरिक स्वास्थ्यप्रवर्धन सेवा | स्तन पायी आमा तथा शिशु सेवा | पञ्चकर्म (पूर्व कर्म) को लागि औषधि खरिद | दातृ निकाय वाट प्राप्त औषधि | | | |
| | | | | | | | | | | | | | |

## अनुसूची १०

## नागरिक आरोग्य सेवा केन्द्र तथा नागरिक आरोग्य अभियान संचालन गर्ने अभियानकर्ता:

१. कम्तिमा AHW वा सो सरहको अध्ययन गरि आयुर्वेद चिकित्सा परिषदमा दर्ता भएको।
२. स्थानीयलाइ प्राथमिकता दिने ।
३. उमेरः १८ वर्ष पुरा भई ६० वर्ष ननाघेको।

**कार्य बिवरण:**

१. प्रत्येक महिनाको कार्य तालिका बनाई त्यसको आधारमा कार्यहरु सम्पादन गर्ने ।
२. जिल्ला मार्फत प्राप्त नागरिक आरोग्य अभियानसंग सम्बन्धित पुस्तक, पम्पलेट, ब्रोसर तथा हाते पुस्तिका लगायतका सूचनामूलक सामाग्रिहरू सम्बन्धित व्यक्ति, समूदाय तथा विद्यालयमा वितरण गर्ने ।
३. नागरिक आरोग्य समिति र समूह समेतको सहयोगमा विद्यार्थी, शिक्षक, जनप्रतिनिधि, नागरिक समाज लगाएतको सहभागितामामा नागरिक आरोग्य अभियान संचालन गर्ने। उक्त अभियानमा विभागबाट प्राप्त भएको प्रश्नावलीहरुका आधारमा समुदायको तथ्याङ्क संकलन तथा जीवनशैली परिक्षण गर्ने।
४. स्वस्थ जीवनशैली, योग तथा जडिबुटी सम्बन्धी जानकारी स्थानीय विद्यालयलाई दिने।
५. नागरिक आरोग्य अभियानसञ्चालन भएको स्थानीय तहमा भएका स्वास्थ्य संग सम्बन्धित संघ सस्था र वडा कार्यालयहरुसँग समन्वय गर्दै अभियानमुलक कार्यक्रममा सहभागिता जनाउने।
६. स्थानीयरुपमा वा जिल्लामा क्रियाशील योग समुहको सहयोगमा वृहत योग साधना तथा ध्यान शिविर अवश्यकता र माग अनुसार सम्वन्धित वार्ड/पालिकाको समन्वयमा संचालन गर्ने।
७. सम्पादित कामको संक्षिप्त प्रतिवेदन सम्वन्धित वार्ड/पालिकाको पत्र सहित जिल्लामा पेश गर्ने ।
८. जिल्ला स्तरीय आयुर्वेद संस्था तथा पालिकाले तोके बमोजिमका आयुर्वेद सेवा कार्यक्रम तथा अन्य कार्यहरू गर्ने ।

Wondershare PDFelement

# अनुसूचि ११

| क्र.सं. | साविकका अं /औ.आ. .के.स्वा.आ.जि | नागरिक आरोग्य सेवा केन्द्र संख्या | क्र.सं. | साविकका अं.के.स्वा.आ.जि /औ.आ. | नागरिक आरोग्य सेवा केन्द्र संख्या |
|---|---|---|---|---|---|
| १ | मोरङ | ५ | ४० | मनाङ | २ |
| २ | झापा | ६ | ४१ | मुस्ताङ | ३ |
| ३ | इलाम | ३ | ४२ | पर्वत | ३ |
| ४ | सनुसरी | ४ | ४३ | स्याङजा | ४ |
| ५ | अखलढुंगा | ४ | ४४ | म्याग्दि | ३ |
| ६ | तेह्रथुम | ३ | ४५ | बाग्लुङ | ३ |
| ७ | सोलु | ३ | ४६ | नवलपरासी(सुस्तापूर्व) | २ |
| ८ | खोटाङ | ४ | ४७ | नवलपरासी(सुस्ता पश्चिम) | ० |
| ९ | ताप्लेजुङ | ४ | ४८ | रूपन्देही | ४ |
| १० | उदयपुर | ३ | ४९ | कपिलवस्तु | ५ |
| ११ | पाँचथर | ३ | ५० | पाल्पा | ३ |
| १२ | संखुवासभा | ४ | ५१ | अर्घाखाँची | ४ |
| १३ | भोजपुर | ४ | ५२ | गुल्मी | ४ |
| १४ | धनकुटा | ३ | ५३ | रूकुम पूर्व | ० |
| १५ | सप्तरी | ६ | ५४ | रोल्पा | ४ |
| १६ | सिराहा | ५ | ५५ | प्युठान | ४ |
| १७ | धनुषा | ५ | ५६ | दाङ(तुलसीपुर) | ६ |
| १८ | महोत्तरी | ६ | ५७ | बाँके | ४ |
| १९ | सर्लाही | ५ | ५८ | वर्दिया | ४ |
| २० | रोतहट | ६ | ५९ | सुर्खेत | ५ |
| २१ | बारा | ५ | ६० | दैलेख | ५ |
| २२ | पर्सा | ५ | ६१ | रूकुम(पश्चिम) | ४ |
| २३ | दोलखा | ४ | ६२ | सल्यान | ४ |
| २४ | रामेछाप | ४ | ६३ | जाजरकोट | ४ |
| २५ | सिन्धुली | ४ | ६४ | जुम्ला | ३ |
| २६ | काभे | ४ | ६५ | हुम्ला | ३ |
| २७ | सिनधुपाल्चोक | ४ | ६६ | मुगु | ३ |
| २८ | रसुवा | ३ | ६७ | कालिकोट | ५ |
| २९ | नुवाकोट | ४ | ६८ | डोल्पा | ३ |
| ३० | धादिङ | ५ | ६९ | कैलाली | ४ |
| ३१ | चितवन | ३ | ७० | कञ्चनपुर | ३ |
| ३२ | मकवानपुर | ५ | ७१ | डडेल्धुरा | ३ |
| ३३ | भक्तपुर | ३ | ७२ | डोटी | ३ |
| ३४ | ललितपुर | ४ | ७३ | बझाङ | ५ |
| ३५ | काठमाण्डौ | ४ | ७४ | वैतडी | ४ |
| ३६ | गोरखा | ५ | ७५ | दार्चुला | ४ |
| ३७ | लमजुङ | ३ | ७६ | अछाम | ५ |
| ३८ | तनहुँ | ४ | ७७ | बाजुरा | ४ |
| ३९ | कास्की | ३ | | | |

Wondershare PDFelement